नोभेम्बर 19, 2021

आदरणीय PPS परिवारजन,

म आशा गर्दछु कि सबैजना ठीकै हुनुहुन्छ। हामीले सोमबार, नोभेम्बर 29 को दिनलाई अतुल्यकालिक अध्ययन दिनमा परिवर्तन गर्ने निर्णय गरेका छौं। यसको अर्थ सोमबार, नोभेम्बर 29 को दिन विद्यालय आउनुको सट्टामा, विद्यार्थीहरूले घरबाटै लग इन गरेर स्वतन्त्र रूपमा असाइनमेन्टहरू पूरा गर्ने छन्। PPS को इन्टरिम सुपरिटेन्डेन्टको रूपमा, म हामीले सामना गरिरहेका चुनौतीहरूबारे इमानदार र निर्णयहरू किन गरिएका हुन् भन्ने बारेमा स्पष्ट छु भन्ने कुरा हाम्रा विद्यार्थी, परिवार, कर्मचारी र समुदायको उत्कृष्ट हितमा छ भनी म दृढतापूर्वक विश्वास गर्दछु।

सोमबार, नोभेम्बर 29 को दिनलाई प्रत्यक्ष अध्ययन दिनबाट दूर अतुल्यकालिक अध्ययन दिनमा परिवर्तन गर्ने निर्णय तीनवटा कारणले गर्दा गरिएको थियो:

1. कोभिड-19 महामारीको प्रभाव हाम्रो दैनिक जीवनमा व्याप्त भइरह्यो। धेरै उद्योगहरूमा जस्तै, हाम्रा जिल्ला र विद्यालय जिल्लाहरूमा स्थानीय र राष्ट्रव्यापी रूपमा कर्मचारीको कमी भइरहेको छ। PPS मा, यी कर्मचारीसम्बन्धी चुनौतीहरू कोभिडका कारण भएको अनुपस्थिति, आवेदकहरूको सीमित पुल र शिक्षण प्रतिस्थापनहरूको कमीले गर्दा बढेका हुन्।
2. हामीसँग सीमित सवारी चालकहरू हुने छन् र तसर्थ विद्यार्थीहरूलाई विद्यालय ल्याउन आपत्ति हुने छ भन्ने रिपोर्टहरू हामीले प्राप्त गरेका छौं।
3. क्षेत्रमा कोभिड-19 का पुष्टि भएका केसहरू बढिरहेको कुरा विचार गर्दा, विद्यार्थी र कर्मचारीहरूले एक दिन टाढाबाट काम गर्दा हाम्रो अभिरक्षण टोलीले इलेक्ट्रोस्ट्याटिक स्प्रेयरहरू मिलाएर हाम्रा सबै विद्यालय र सुविधास्थलहरूमा राम्रोसँग सफा गर्न थप एक दिन पाउँछन्।

यसलाई अतुल्यकालिक अध्ययन दिन बनाउनाले हामीलाई आवश्यक 182 दिनको निर्देशनमा दिन गणना गर्न अनुमति दिन्छ र विद्यालय वर्ष बढाउने वा स्प्रिङ ब्रेकबाट छुट्टी दिनहरू हटाउने आवश्यकतालाई हटाउँछ। असाइनमेन्टहरू पूरा गर्नुका साथै, विद्यार्थीहरूसँग सामाजिक-भावनात्मक अध्ययन समर्थन तथा क्रियाकलापहरूमा पहुँच हुने छ। हाजिरी गर्नका लागि, विद्यार्थीहरूले स्कूलोजीमा दिनको एकै समयमा लग इन गर्नुपर्छ। सधैं जस्तै, तपाईंको बच्चालाई Microsoft Teams वा Clever मा

ल

ग

इ सबै विद्यार्थीहरूका लागि गुणस्तरीय शिक्षण तथा अध्ययन बढाउने सभ्यतालाई बढावा दिन काम गर्ने हुँदा तपाईंको सहायता र धैर्यताका लागि धन्यवाद।

यो थ्याङ्क्सगिभिङको समयमा, म अमेरिकी कवि, संस्मरणवादी र नागरिक अधिकार सक्रिय प्रतिभागी Maya Angelou का शब्दहरू - "सबै कुरामा उपस्थित हुनुहोस् र सबै कुराको लागि आभारी हुनुहोस्" भन्ने कुरा सम्झन्छु।

ृ

म तपाईंको परिवारलाई सुरक्षित र रमणीय थ्याङ्क्सगिभिङ बिदाको कामना गर्दछु।

Wayne Walters, Ed.D.
अन्तरिम सुपरिटेन्डेन्ट अफ स्कुल्स

ृ

या

भ

ए

मा

,

कृ

ृ

Wayne Walters, Ed.D.
अन्तरिम सुपरिटेन्डेन्ट अफ स्कुल्स

341 S. Bellefield Avenue
Pittsburgh, PA 15213

superintendentsoffice@pghschools.org
फोन: 412-529-3600

अभिभावक हटलाइन:
412-529-HELP (4357)

पिट्सबर्ग पब्लिक स्कुल्स (Pittsburgh Public Schools, PPS) ले आफ्ना कार्यक्रम, क्रियाकलाप वा रोजगारीमा जाति, वर्ण, राष्ट्रिय मूल, लिङ्ग, अपाङ्गता वा उमेरका आधारमा भेदभाव गर्दैन र बोयज स्काउट्स तथा अन्य तोकिएका युवा समूहहरूलाई समान पहुँच उपलब्ध गराउँछ । सोधपुछहरूका लागि Assistant Superintendent for Student Services, Title IX Coordinator वा Section 504/ADA Title II Coordinator लाई 341 S. Bellefield Avenue, Pittsburgh, PA 15213, 412.529.3950, TitleIXCoordinator@pghschools.org वा 412.529.HELP (4357) मा सम्पर्क गर्न सकिन्छ ।